नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

फोन नं. ०९१-५२२९९७
इमेल: pmamp.piu.kailali@gmail.com
वेबसाइट: www.piukailali.pmamp.gov.np

प.स:२०८३/८४
सूचना नः ०५

मिति:२०८३/०५/१०
ने.स.११४६, गुंलाथ्व त्रयोदशी बुधबार

न्यूनतम समर्थन मूलयमा धान खरिद र व्यवस्थापन गर्न चाहने सहकारी संस्थाहरुलाई सूचिकृत सम्बन्धी सूचना।

प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०५/१०

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम व्यवस्थापन एकाइ, खुमलटारको मिति २०८३/०५/९ गते राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचना बमोजिम नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८३/०२/११ को निर्णयानुसार चालु आ.व. २०८३/८४ को लागि मोटा धानको प्रति क्वीन्टल रु.३६६०/- र मध्यम धानको प्रति क्वीन्टल रु.३८६०/- न्यूनतम समर्थन मूल्य तोकिएकोले कैलाली जिल्ला भित्रका इच्छुक सहकारी संस्थाहरुले नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०७/०४ को निर्णयबाट स्वीकृत " न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने निर्देशिका, २०७७" मा भएको प्रावधान बमोजिम निर्देशिकामा उल्लखित तपसिल अनुसारका आवश्यक विवरण र कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र मिति २०८३/०५/२४ सम्म यस कार्यालयमा सूचिकृत हुनाको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

१. रितपूर्वक सहितको सूचिकृत निवेदन।
२. सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र साथै करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. सहकारी संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि।
५. सहकारी संस्थाको कार्यक्षेत्र, शेयर पूँजी, कारोबार रकम र पछिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन।
६. खरिद गर्न चाहेको धानको परिमाण र किसिम।
७. धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरि इच्छुक क्षेत्र।
८. धान खरिदको लागि आवश्यक रकमको स्रोतको विवरण।
९. खरिद गरेको धानको भन्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण।
१०. धान खरिद, ढुवानी, भन्डारण प्रशोधन एवम् बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यव्स्थापन सम्बन्धी विवरण।
११. धान खरिद विक्रीको लागि आवश्यक अन्य विवरण।

विस्तृत जानकारीका लागि राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीको वेवसाईट, फेसबुक पेज (Namp Piu Kailali Dhangadhi) तथा कार्यालयको फोन नं. ०९१-५२२९९७, सूचना अधिकारीको सम्पर्क नं ९८५८४८४९०४ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

५/१०

पंकज उपाध्याय रिमाल
वरिष्ठ कृषि अधिकृत